# मालारानी गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
५ नं. प्रदेश नेपाल


पत्र संख्याः ०७६।०७७
चलानी नं

सूचना जारी मितिः २०७६/०९/१४

**विषयः विद्यालयको लेखापरीक्षक सूचिकृत गर्नको लागि दर्खास्थ आह्वान गरिएको सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा यस गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको आ.व.२०७५/०७६ को अन्तिम लेखापरीक्षण गर्नको लागि सूचिकृत हुन योग्य लेखापरीक्षकले सूचना जारी भएको मितिदेखि १५ दिनभित्र यस कार्यालयको शिक्षा शाखामा आवश्यक कागजात कागजात संलग्न गरी निवेदन पेश गर्नु हुन अनुरोध छ ।

तपशिलः

क. निवेदन । (सम्पर्क फोन र इमेल ठेगाना निवेदनमा लिपिबध्द गर्नुहोला ।)
ख. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
ग. लेखापरीक्षण फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
घ. लेखापरीक्षण प्रमाणपत्र नविकरण गरेको इजाजत पत्रको प्रतिलिपि ।
ङ. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
च. आन्तरिक राजश्व कार्यालबाट लिएको कर दर्ता प्रमाणपत्र ।
छ. लेखापरीक्षक वहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि ।
ज. गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दर्ता वापत रु.१५००/- बुझाएको नगदी रसिद ।

१. प्रत्येक वर्ष मालारानी गाउँपालिकाका सामुदायिक विद्यालयको आर्थिक लेखापरीक्षण गाउँपालिकाको आर्थिक लेखापरीक्षण शाखाबाट हुनेछ । सामान्यतया चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालय र गाउँकार्यपालिका कार्यालय समक्ष पेश गर्नु पर्ने छ ।
२. संस्थागत विद्यालयहरुको लेखापरीक्षणको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था (ICAN) मा लेखापरीक्षण प्रमाणपत्र नविकरण गरेका कम्तीमा ३ जना रजिष्टार्ड लेखापरीक्षक/फर्म सिफारिस गरी यस सूचनामा तोकिएको समयावधीभित्र यस गाउँपालिकाको शिक्षा शाखामा पठाउनु पर्ने छ ।
३. सिफारिसको ढाँचा (संस्थागत विद्यालयको हकमा मात्र) देहाय बमोजिमको हुनेछ ।

मितिः...................

श्री मालारानी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
शिक्षा शाखा,खनदह,अर्घाखाँची ।

विषयः लेखापरीक्षक सिफारिस गरिएको सम्बन्धमा ।

आ व .......को यस विद्यालयको लागि तपशिलमा उल्लेखित रजिष्टार्ड लेखापरीक्षकको सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

तपशिलः

| क्र.स. | नाम थर | प्र.प.नं. | मोबाइल नं |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखाः गाउँपालिकाको वेवसाइटमा सूचना अपलोडका लागि ।